# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७) कटुञ्जे, भक्तपुर माघ ०४ गते, २०८० साल (संख्या: ०६

## भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

## सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई व्यवस्थापन ऐन, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०८० सालको ऐन नं. ०६

# सूर्यविनायक नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई व्यवस्थापन ऐन, २०८०

# सूर्यविनायक नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई व्यवस्थापन ऐन, २०८०

**प्रस्तावनाः** सूर्यविनायक नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन र अन्य स्वास्थ्यका विभिन्न गतिविधिहरु सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवा प्राप्ति गर्ने नागरिकको मौलिक हकको प्रत्याभूतिका लागि आवाश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले

सूर्यविनायक नगरपालिकाको १५औं नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनलाई स्थानीय "आधारभूत स्वास्थ्य तथा सरसफाई व्यवस्थापन ऐन, २०८०" भनिने छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले सूर्यविनायक नगरपालिकाको "आधारभूत स्वास्थ्य तथा सरसफाई व्यवस्थापन ऐन, २०८०" सम्झनुपर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ।

(ग) "कार्यापालिका" भन्नाले सूर्यविनायक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी स्वास्थ्य संस्था" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत स्थापित स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ।

(झ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आर्युवेद स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र तथा अस्पताललाई सम्झनु पर्दछ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन्।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्था हुनेछन्।

(ख) नीजिः नीजि क्षेत्रद्धारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु नीजि स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्था हुनेछन्।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम नगरपालिकाले कार्यविधि बनाइ तोके बमोजिम हुने छ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघ प्रदेश सरकार र नगरपालिकाले निर्धारण गरे बमोजिम हुने छ।

५. **स्वास्थ्य सेवा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः** (१) नगरपालिका भित्र रहेका तथा थप गरिने स्वास्थ्य संस्थाहरुको रेखदेख दर्ता नविकरण अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन गरिने छ। यस समितिको संरक्षक नगर प्रमुख हुने छ। संस्थाको व्यवस्थापन समिति गठन यस प्रकार हुनेछः

क) सामाजिक विकास समिति संयोजक - अध्यक्ष

ख) कार्यपालिकाले मनोनित गरेको कार्यपालिकाबाट महिला सहित सदस्य ३ जना - सदस्य

ग) आधारभूत स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी मध्येबाट नगर प्रमुखले तोकेको १ जना - सदस्य

घ प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकाको अधिकृत १ जना - सदस्य

ङ) आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

समितिले बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने।

ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, इजाजत, स्वीकृति, कार्वाही तथा खारेजी सम्बन्धी निर्णय गरी नगर कार्यपालिकामा सिफारीस पेश गर्ने।

ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन समन्वय गर्ने।

घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत परिचालन गर्ने गराउने।

ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

च) स्वास्थ्य विशेषज्ञहरुको प्रत्येक वर्ष सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

छ) स्वास्थ्य सेवा प्रदायक नबिकरण तथा प्रकाशन आ.व. शुरुभएको तिन महिना भित्र गर्ने।

ज) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनश्चत हुने प्रवन्ध गर्ने र लक्षित समुदायमा विशेष कार्यक्रमको व्यवस्थापन गर्ने गराउने।

झ) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

ञ) कार्यपालिका बाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

६. **स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः** सूर्यविनायक नगर अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहने छ ।

| | | | |
|---|---|---|---|
| ६.१ | १ | नगर प्रमुख सूर्यविनायक नगरपालिका | अध्यक्ष |

| | | | |
|---|---|---|---|
| सूर्यविनायक नगर अस्पताल संचालन तथा व्यवस्थापन समिति | २ | नगर उप प्रमुख सूर्यविनायक नगरपालिका | सदस्य |
| | ३ | प्रमुख प्रशासकीय अधिकृत सूर्यविनायक नगरपालिका | सदस्य |
| | ४ | नगर प्रमुखले मनोनित गरेको निर्वाचित वडा अध्यक्ष एकजना र निर्वाचित महिला सदस्यहरु मध्येबाट एक जना गरि दुइ जना | सदस्य |
| | ५ | अस्पतालको केन्द्र रहने वडाको वडा अध्यक्ष | सदस्य |
| | ६ | प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगर कार्यपालिकाको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| | ७ | अधारभुत स्वास्थ्य शाखा प्रमुख सूर्यविनायक नगरपालिका | सदस्य |
| | ८ | कार्यकारी निर्देशक सूर्यविनायक नगर अस्पताल | सदस्य सचिव |

क. सूर्यविनायक नगरपालिकामा जनप्रतिनिधि रिक्त भएको अबस्थामा वा निर्बाचनको माध्यमबाट पदाधिकारी पुर्ती नगरी रिक्त अबस्थामा यस समितिको अध्यक्षामा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । जनप्रतिनिधिको प्रतिनिधित्व रिक्तताको अन्तरिम ब्यवस्थापन नगरपालिकाको निर्णयानुसार गरिनेछ ।

ख. अपतालको केन्द्र रहेको क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाको माननीय सदस्यलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

प्राथमिक स्वास्थ्य सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)

| | | | |
|---|---|---|---|
| ६.२ प्राथमिक स्वास्थ्य सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय) | | नगर प्रमुख | संरक्षक |
| | १ | नगरपालिका भित्र पर्ने प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा अवस्थित वडाको अध्यक्ष | अध्यक्ष |
| | २ | समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरु मध्येबाट एकजना महिला | उपाध्यक्ष |
| | ३ | समितिले मनोनित प्राथमिक स्वास्थ्य सेवा केन्द्ररहेको क्षेत्रको विद्यालयका प्रमुख प्राचार्य मध्येबाट एक जना | सदस्य |

| | | | |
|---|---|---|---|
| | ४ | समितिले मनोनित स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| | ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| | ६ | वडा कार्यालयका वडा सचिव | सदस्य |
| | ७ | प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिव |

स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)

| | | | |
|---|---|---|---|
| **६.३** स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय) | | नगर प्रमुख | संरक्षक |
| | १ | नगरपालिका भित्र पर्ने स्वास्थ्य चौकीमा अवस्थित वडाको अध्यक्ष | अध्यक्ष |
| | २ | समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरु मध्येबाट एकजना महिला | उपाध्यक्ष |
| | ३ | समितिले मनोनित स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख प्राचार्य मध्येबाट एक जना | सदस्य |
| | ४ | समितिले मनोनित स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| | ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| | ६ | वडा कार्यालयका वडा सचिव | सदस्य |
| | ७ | स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

शहरी स्वास्थ्य केन्द्र तथा नगर स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय)

| | | | |
|---|---|---|---|
| **६.४** शहरी स्वास्थ्य केन्द्र तथा | | नगर प्रमुख | संरक्षक |
| | १ | शहरी स्वास्थ्य केन्द्र तथा नगर स्वास्थ्य | अध्यक्ष |

| | | | |
|---|---|---|---|
| नगर स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः (७ सदस्यीय) | | केन्द्रमा अवस्थित वडाको अध्यक्ष | |
| | २ | समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरु मध्येबाट एकजना महिला | उपाध्यक्ष |
| | ३ | शहरी स्वास्थ्य केन्द्र तथा नगर स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रमुख प्राचार्य मध्येबाट एक जना | सदस्य |
| | ४ | समितिले मनोनित स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| | ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रकोजानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| | ६ | वडा कार्यालयका वडा सचिव | सदस्य |
| | ७ | शहरी स्वास्थ्य केन्द्र तथा नगर स्वास्थ्य केन्द्रको प्रमुख | सदस्य सचिव |

६.५ नगर अस्पताल व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारः

क. अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई स्तरीय बनाउनका लागि अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी नगरपालिका समक्ष स्वीकृतिका लागि पेश गर्ने ।

ख. अस्पताल व्यावस्थान सम्बन्धी नीति योजना तथा कार्यक्रमको मस्यौदा गर्ने ।

ग. अस्पतालको बार्षिक कार्यक्रम तथा बजेटको मस्यौदा तयार गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने ।

घ. अस्पतालको भौत्तिक पूर्वाधारको विकास तथा विस्तार गर्ने वा गराउने सम्बन्धमा नीति निर्धारण गर्ने ।

ङ. अस्पतालको चल अचल सम्पत्तिको संरक्षण सञ्चालन तथा वृद्धि सम्बन्धी आवश्यक काम गर्ने ।

च. अस्पतालको विकास तथा विस्तारको लागि आवश्यक सहयोग गर्ने ।

छ. नेपाल सरकारको गरिब तथा असहाय सम्बन्धी नीति अनुरुप निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने मापदन्ड स्वीकृत गर्ने ।

ज. अस्पतालको सेवालाई आवश्यक पर्ने पद तथा दरबन्दी यकिन गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने ।

झ. अस्पतालले प्रदान गर्ने सेवा शुल्क फार्मेसी ल्याब दररेटको प्रस्ताब तयार गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने ।

ञ. स्वास्थ्य सम्बन्धी विभिन्न अनुसन्धान एंव आवश्यक तालिम संचालन गर्ने ।

ज. अस्पताल संचालन सम्बन्धमा अन्य कार्य गर्ने गराउने ।

६.६ आधारभूत स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारः

**संरक्षक**

क) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरुको लागि सामाजिक विकास र स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने ।

ख) नगरपालिका भित्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

**अध्यक्ष**

क) अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ख) योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

ग) कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सो को सुनिश्चतता गर्ने ।

घ) कर्मचारीहरुको कामको नियमित मूल्याङ्कन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।

ङ) कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालीम वा गोष्ठीमा पठाउन सहमति दिने ।

च) स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

छ) समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

ज) समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

**उपाध्यक्ष**

क) अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नेछन्।

**सदस्यहरु**

क) स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुऱ्याउने ।

ख) स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुऱ्याउने ।

ग) कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने ।

घ) समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी वहन गर्ने ।

ङ) अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।

च) समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।

छ) समितिका सदस्यहरुले पालैपालो गरी क्लष्टर स्तरीय (रिपोर्टिङ्ग सेन्टर स्तरीय) मासिक समीक्षामा भाग लिने ।

ज) आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सबै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

झ) स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

७. **बैंक खाता संचालनः** हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ।

१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

२) नगर अस्पतालको नगरसभाबाट स्वीकृत बजेट रकमको सरकारी बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा अस्पतालको लेखा हेर्न तोकिएको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

३) नगर अस्पतालको आन्तरिक कोषको आय व्ययको बजेट व्यवस्थापन समितीले निर्णय गरि नगर सभाबाट स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने छ ।

४) आन्तरिक कोषको खाता संचालन अस्पतालको कार्यकारी निर्देशक स्थायी नियुक्ती भएको अवस्थामा कार्यकारी निर्देशक र अस्पतालको लेखा हेर्न तोकिएको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।कार्यकारी निर्देशक स्थायी नभएको अवस्थामा दफा ७ को उपदफा २ बमोजिम खाता सञ्चालन हुनेछ।

८. **लेखा परीक्षण :** (१) सरकारी स्वास्थ्य संस्थाको लेखाको लेखापरीक्षण तोकिए बमोजिम दर्तावाल लेखापरीक्षकबाट हुनेछ ।

(२) नगर अस्पतालको हकमा दफा ७ को उपदफा २ र ४ बमोजिम लेखाको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण अधिकृतबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

९. **अस्पताल तथा स्वास्थ्य संस्था संचालन मापदण्ड**

१) अस्पतालः नगरपालिका आफैंले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको रिफरल सेन्टर काम सहित अस्पताल सञ्चालन गर्न सक्नेछ। यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले अस्पताल सञ्चालन नियमावली तयार गरी सञ्चालन गर्नेछ।

२) स्वास्थ्य चौकीः नगरपालिकाको प्रत्येक वडामा स्वास्थ्य केन्द्र रहेका छन र आवश्यकता अनुसार प्रसुति केन्द्र राखिने छ । जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नुपर्ने छः

(क) जनशक्तिः नेपाल सरकारले कर्मचारी समायोजन गर्दा तयार पारेको खाका अनुसार कर्मचारी व्यवस्थापन गरिने छ। नयाँ खोल्ने स्वास्थ्य संस्थाहरुमा सहायक पाँचौ स्तर (हे.अ.) तहका कर्मचारकिो नेतृत्वमा थप कर्मचारी सहित कम्तीमा ५ जना प्राविधिक (२ अहेव र २ अनमी) र कार्यालय सहयोगी १ व्यवस्था गरिने छ। साथै प्रसुति केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा थप कार्यालय सहयोगी व्यवस्था

गरिने छ। यो संख्या जनघनत्व आधारमा नगरपालिकाले थप कर्मचारी राख्न सक्नेछ।

ख) भवन कोठाः नेपाल सरकारले तय गरेको मापदण्ड अनुसारको प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन।

ग) उपकरण प्राथमिक उपचारका आधारभूत गुणस्तरीय उपकरणहरुको व्यवस्था गरिने छ।

३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रर्वद्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्नेछ।

१०. **नगरपालिकाको नियमावलीको अधिनमा रही १५ शैया सम्मको नीजि क्षेत्रले अस्पताल** सञ्चालन **गर्न सक्नेः** (१) नगरपालिका क्षेत्रभित्र नीजि क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति नगरपालिकाले दिने सक्नेछ।

२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्रप्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ।

४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले समय भित्र तोकिएको मापदण्ड पूरा गरेमा यस्तो अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने छ।

५) उपदफा (४) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ।

११. **अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः** नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने १५ बेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछः

१) जनशक्तिः कम्तीमा एम.डि. डाक्टर २ जना, एम.वि.वि.एस. डाक्टर कम्तीमा ४ जना, स्टाफ नर्स कम्तीमा ८ जना, ल्याब टेक्निसियन २ जना, हे.अ.

५ जना, अ.हे.ब., अ.न.मी. ल्याव असिस्टेण्ट कम्तीमा ३-३ जना र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी ।

२) भवन तथा कोठाः नेपाल सरकारको मापदण्ड अनुसार दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याबिन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, आदि।

३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ स्पोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्सा जन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने।

**१२.** **<u>पोलिक्लिनिक तथा अन्य निजी संस्था</u>** <u>सञ्चालनको</u> **<u>अनुमतिः</u>** (१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक तथा अन्य निजी संस्था सञ्चालन गर्न चाहेमा नगरपालिकाको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ।

(२) पोलिक्लिनिक तथा अन्य निजी संस्थामा बिरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालनको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) प्राप्त निवेदन उपर अनुगमन समितिको सिफारिसमा मापदण्ड पुरा गरेका संस्थालाई नगरकार्यपालिकाले सञ्चालन अनुमति दिन सक्ने छ।

**१३.** **<u>प्रयोगशाला वा</u>** <u>ल्यावोरेटोरी</u> सञ्चालन व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा नियमावलीको मापदण्ड पुरा गरी सञ्चालन स्वीकृति कार्यपालिकावाट प्राप्त गर्न सकिनेछ।

**१४.** **<u>फार्मेसी संचालनको अनुमतिः</u>** (१) नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिन पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(३) फार्मेसी सञ्चालन रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोबास ठेगाना भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम अनुगमन समितिको सिफारिसमा नगरपालिकाले फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ।

**१५.** **<u>मापदण्ड पूरा नगरेमा सजाय हुनेः</u>** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला कालोसूचीमा राखि सो को जानकारी दिइने र बन्द गराउन सक्ने छ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने,नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने छ।

**१६.** **<u>नगरपालिका भित्र स्वास्थ्य सेवा प्रदायक संस्था सम्बन्धी</u>** (१) सेवा प्रदायक संस्था दर्ता गर्दा नगरपालिकाले तयार पारेको मापदण्ड, नियमावली र ऐन बमोजिम हुने छ।

(२) सहुलियत र छुटको व्यवस्था गर्नु पर्नेः नीजि लगानी र ट्रष्ट मार्फत् सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा संघ प्रदेश नियमावलीले तोके बमोजिम सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेदः ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१७.** **<u>स्वास्थ्यकर्मीको व्यवस्थापनः</u>** नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्ः

१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,लोक सेवा बाट सिफारिस भई आएका तथा सरुवा भई आएका

२) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा

नगरपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यास कर्तालाई बढीमा, १ वर्षको लागि भर्ना गर्न सकिने छ।

४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१८. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ।

१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम एस एल सि वा सो सरह अध्ययन गरेको सम्बन्धित वडाको नागरिक हुनुपर्ने तथा महिलाको हकमा वि वाहित हुनुपर्ने छ।

२) एउटा वडामा अधिकतम संख्या ९ हुने गरी जनसंख्या र भौगोलिक अवस्थाको आधारमा महिला स्वयंसेविका र पुरुष अभियानकर्ताको छनौट नियमावलीमा निर्धारित मापदण्ड पुरा गरि सम्बन्धित वडाको स्वास्थ्य व्यवस्थापन समितिले छनोट गर्ने छ।

३) स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी कम्तिमा १ महिनाको तालिम प्राप्त गरेको लाई छनोटमा प्राथामिकता दिईने छ ।

४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये ६० वर्ष उमेर पुगेका र इच्छुक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तीमा एस. एल. सि. वा सो सरह उत्तीर्णलाई मात्र नियुक्ति दिइने छ।

१९. **स्वास्थ्यकर्मीको सेवा सुविधाः**

१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा दिन सकिने छ।

२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबिचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताका लागि नगरपालिकाले नीति बनाइ लागू गर्न सक्नेछ।

४) अभियानकर्ता/स्वयंसेविकाः पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक,

स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिईने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

५) स्वास्थ्यकर्मीहरुका लागि थप प्रोत्साहन भत्ता र जोखिम भत्ता व्यवस्था गर्न सकिने छ।

२०. **<u>स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्तिः</u>** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी नगरपालिकाले निर्धारण गर्ने छ।

१) संस्था प्रमुख सम्बन्धमाः समायोजन भई दरवन्दी रहेको स्थायी कर्मचारीहरु मध्ये तहगत प्रणाली अनुसार तहगत जेष्ठताको आधारमा प्रमुखको जिम्मेवारी प्रदान गरिने छ।

२) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ।

३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ, छनोट समितिले आफ्नो ऐन आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत (संयोजक)

(ख) नगरपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना सम्बन्धित विषय विज्ञ सदस्य

(ग) नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख सदस्य सचिव

२१. **<u>कर्मचारी सरुवा तथा काजः</u>** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ३ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ। विशेष परिस्थिति बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) कुनै विषेश परिस्थिति वा नगरपालिकालाई आवाश्यकता महसुस गरेको अवस्थामा कारण खुलाई थप आर्थिक भार नपर्ने गरी एक पटकमा एक महिना गरि एक वर्षमा तिन महिना सम्म काज राख्न सकिने छ।

(४) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ।

२२. **<u>कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः</u>** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाइ शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन स्वास्थ्य शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगरपालिकामा पेश गर्नुपर्नेछ।

२३. **<u>कार्य सम्पादन</u>** <u>मूल्याङ्कन</u> **<u>र सजाय तथा पुरस्कारः</u>** (१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई सचेत तथा दण्डित गर्नुपर्दछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नियमावलीले तोके बमोजिम हुनेछ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२४. **<u>वार्षिक खरिद योजना बनाउनुपर्नेः</u>** (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाले तयार गर्नेछ।

२५. **<u>औषधी तथा स्वास्थ्य उपकरण खरिदः</u>** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि बढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

२६. **<u>औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः</u>** १) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद मागको परिमाण आवाश्यकताको आधारमा गर्नुपर्ने छ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा मार्फत् नगरपालिकामा बुझाउनु पर्नेछ। यसका लागि वर्षैभरी औषधि आपूर्तिका लागि नियमित अनुगमन र आपूर्ति व्यवस्था स्वास्थ्य शाखावाट निरन्तर गरिनेछ।

## परिच्छेदः ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२७. **<u>स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः</u>** (१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत् निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

२८. **<u>सामाजिक सुरक्षा कार्यक्रम</u>** <u>सञ्चालन</u> **<u>तथा व्यवस्थापनः</u>** (१) नगरपालिकाले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने छ।

(२) नगरपालिकाले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक थप रकम व्यवस्थापन, सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(३) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्ने छ।

(४) अति विपन्न नागरिक, न्यून आय भएका एकल महिला, ज्येष्ठ नागरिक, शारिरीक अशक्त भएका व्यक्तिहरुलाई उपचार कोष व्यवस्था गरी उपचार सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(५) नेपाल सरकारले तय गरेको निःशुल्क स्वास्थ सेवा कार्यक्रमलाई प्रभावकारी बनाइने छ र आवश्यकता श्रोत र साधन अनुसार निः शुल्क वितरण गर्ने औषधि संख्या थप गर्न सकिनेछ।

(६) नसर्ने रोगहरुबाट हुने बिरामी दर र मृत्यु दरलाई कम बनाउनका लागि प्रदेश र केन्द्रसँग समन्वय गरी नीति बनाइ लागु गरिने छ।

२९. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमनः** (१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन नगरपालिकामा सिफारिस गर्न सक्ने छ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेदः ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३०. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्थामा वा स्वयंसेविकालाई जानकारी गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई जानकारी गराउनु पर्नेछ।

(३) जानकारी गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

(४) महामारी नियन्त्रण र प्राकृतिक विपतिका समयमा काम गर्नेका लागि नगरपालिकास्तर र वडास्तरमा स्वास्थ्यकर्मीहरुको आर.आर.टी गठन गरिने छ।

३१. **<u>महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान</u>** सञ्चालन **<u>गर्नुपर्ने:</u>** (१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र पहिचान गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

३२. **<u>सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन:</u>** (१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

(२) खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज लगाइने छ।

(३) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सकिनेछ। विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ।

३३. **<u>सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन:</u>** (१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनुपर्नेछ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयं सेविकाहरु परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ।

## परिच्छेदः ८
## विविध

**३४.** नसर्ने रोगबाट हुने मृत्यूदर कम गर्नका लागि नियमावलीले व्याख्या गरे अनुसार कार्यक्रम सञ्चालन गरिने छ।

**३५.** **प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल** सञ्चालनका **लागि सिफारिसः** (१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप नीजिस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**३६.** **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ** पुऱ्याउनु **पर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ।

**३७.** आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले नियमन गर्नेछ।

**३८.** नगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाइ सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक रुपमा नगरपालिका स्वास्थ्य शाखा समक्ष बुझाउनु पर्नेछ।

**३९.** नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघसंस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ। यस्तो स्वास्थ्य परिक्षण उपचार लगायत स्वास्थ्य शिक्षाका कार्यक्रम र शिविर सञ्चालन गर्नु पुर्व साझेदार र सहयोगी निकायले नगरपालिका वाट पूर्व स्वीकृति लिनु पर्ने छ।

४०. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

४१. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम तथा मापदण्ड बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक निर्देशिका बनाइ लागु गर्न सक्ने।

४२. **संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्मको अवधिमा नगरपालिकाले गर्न सक्नेछ।

४३. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर प्रमुखले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश नगरपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ।

४४. **बचाउ र लागु नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) संघ तथा प्रदेश कानुनसँग बाँझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

प्रमाणीकरण मितिः २०८०।१०।०३ गते

आज्ञाले,
(तारानाथ लुइटेल)
प्रमुख प्रशासकीय अधिकृत